नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय

प.सं. : २०८२/८३ | आन्तरिक तथा आर्थिक प्रशासन शाखा | मितिः २०८२।११।१२

च.नं. : ८०८

नेपाल सरकार
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री निवृत्तभरण व्यवस्थापन कार्यालय,
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सबै)

राष्ट्रियत किताबखाना (निजामती) को च.नं. ४०९, मिति २०८२।११।११ र च.नं. ४१०, मिति २०८२।११।११ को पत्र यसै साथ संलग्न छ। संलग्न पत्रबाट बेहोरा अवगत गरी सोही अनुसार गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

२०८२।११।१२
(टीलेन्द्र कार्की)
लेखा अधिकृत

अनामनगर, काठमाडौं
**Website:** www.fcgo.gov.np, **E-mail:** ifas@fcgo.gov.np, **Phone:** 01-4770376

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

## (निजामती)

पत्रसंख्या: २०८२/८३

च.नं.: ४०६

निर्देशक

मितिः- २०८२/११/११

**विषयः- जन्म मिति एकिन गर्ने सम्बन्धमा ।**

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर,काठमाण्डौ।

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) बाट विभिन्न समयमा जारी भएका निबृत्तभरण अधिकारपत्रमा विविध कारणवस सेवा निबृत्त कर्मचारीको जन्म मिति साल, महिना र गते पूर्ण रुपमा उल्लेख नभएका कारण नियमानुसार ७५ वर्ष उमेर पुरा भए पश्चात प्राप्त गर्ने थप १० प्रतिशत र ८५ वर्ष उमेर पुरा भए पश्चात प्राप्त गर्ने थप १० प्रतिशत गरी जम्मा २० प्रतिशतऔषधि उपचार रकम उपलब्ध गराउन समस्या भएकोले राष्ट्रिय किताबखाना(निजामती) बाट जन्म मिति साल, महिना र गते समेत स्पष्ट रुपमा खुल्ने गरी विवरण पेश गर्नु हुन भनी कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट सम्बन्धित कर्मचारीलाई जानकारी गराउने र जन्म मितिको पूर्ण विवरण एकिन गर्न सम्बन्धित कर्मचारी स्वयम् यस विभागमा उपस्थित भई निवेदन दिई जन्म मिति एकिन गर्ने कार्य हुँदै आएको।

सेवा निबृत्त कर्मचारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा उपस्थित भई जन्म मिति एकिन गरी दिनु हुन भनी निबृत्तभरण अधिकारपत्र र नेपाली नागरिकताको प्रतिलिपि समेत संलग्न राखी निवेदन पेश गर्ने र उल्लेखित कागजातहरु कोष तथा लेखा नियन्त्रक कार्यालयबाट यस विभागको email: rcfs@pis.gov.np मार्फत प्राप्त हुन आएमा कागजपत्र प्राप्त भएको २४ घण्टा भित्र निजको जन्म मितिको पुरा विवरण एकिन गरी पठाउन सकिने र सो कार्यबाट सेवाग्राहीलाई समेत सहज हुनुका साथै विभागको कार्यसम्पादन प्रकृया समेत मितव्ययी एवं प्रभावकारी हुने देखिएकोले सोही अनुसार गर्नु/गराउनु हुन भनी ७७ वटै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा पत्राचार गरि दिनु हुन मिति २०८२/११/११ को (महानिर्देशकस्तरीय) निर्णयानुसार अनुरोध छ।

**वोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरबार, काठमाण्डौ।

............................
(शोभाकर पाण्डेय)
निर्देशक

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

(निजामती)

महालेखा नियन्त्रक कार्यालय
दर्ता नं. ५९६
मिति. ८०८२।११।१२

पत्रसंख्याः २०८२/८३
च.नं.: ४१०.

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

मिति:- २०८२/११/११

**विषयः- थप औषधि उपचार खर्च भूक्तानी सम्बन्धमा ।**

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर,काठमाण्डौ।

प्रस्तुत विषयमा सेवा निबृत्त कर्मचारीहरुलाई ७५ वर्ष उमेर पुरा भए पश्चात १० प्रतिशत र ८५ वर्ष उमेर पुरा भए पश्चात थप १० प्रतिशत गरी जम्मा २० प्रतिशत औषधि उपचार खर्च रकम भूक्तानी गर्ने र पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने कर्मचारीको परिवारलाई समेत माथि उल्लेख भए अनुसारको औषधि उपचार खर्च रकम भूक्तानी गर्ने सम्बन्धमा स्पष्ट नभएकोले सो सम्बन्धमा स्पष्ट गरी पठाई दिनु हुन भनी विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट विभिन्न समयमा पत्राचार भएको देखिएकोले सो सम्बन्धमा देहाय अनुसार गर्नु गराउनु हुन भनी ७७ वटै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा पत्राचार गरि दिनु हुन मिति २०८२/११/११ को (महानिर्देशकस्तरीय) निर्णयानुसार अनुरोध छ।

१. निबृत्तभरण अधिकारपत्र प्राप्त गरेको सेवा निबृत्त कर्मचारीको उमेर ७५ वर्ष पुरा भएमा निजले खाई पाई आएको निबृत्तभरण रकमको १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत उपलब्ध गराउने।

२. निबृत्तभरण अधिकारपत्र प्राप्त गरेको सेवा निबृत्त कर्मचारीको उमेर ८५ वर्ष पुरा भएमा निजले खाई पाई आएको निबृत्तभरण रकम (औषधि उपचार खर्च बाहेक) को १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत थप उपलब्ध गराउने।

३. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ७५ वर्ष भन्दा कम भएमा औषधि उपचार खर्च वापतको रकम नदिने।

४. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ७५ वर्ष भन्दा बढी ८५ भन्दा कम भएमा निजले खाईपाई आएको निबृत्तभरण रकमको १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत उपलब्ध गराउने।

५. पारिवारिक निबृत्तभरण अधिकारपत्र प्राप्त गर्ने व्यक्तिको उमेर ८५ वर्ष भन्दा बढी भएमा निजले खाईपाई आएको निबृत्तभरण रकम( औषधि उपचार खर्च बाहेक) को १० प्रतिशतले हुन आउने रकम औषधि उपचार खर्च वापत थप उपलब्ध गराउने।

**वोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरबार, काठमाण्डौ।

०८२/११/११

(शोभाकर पाण्डेय)
निर्देशक